# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१ ) काठमाडौं, वैशाख २२ गते २०३८ साल ( संख्या ४

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले नेपाल मुद्रा ऐन, २०१९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैङ्कको रजत-जयन्तीको उपलक्ष्यमा निम्न डिजाइन, नाप र तौलको ५।– रूपैयाँको मुद्रा अर्थ मन्त्रालय, टकसार तथा नापतौल विभागबाट टकमरी गराई निष्कासन गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

25

| मुद्रा | एकापट्टिको डिजाइन | अर्कोपट्टिको डिजाइन | वजन | व्यास | सम्मिश्रण | आकार | मुद्रा छाप्ने |
|---|---|---|---|---|---|---|---|
| ५।– | घेरामा चौंसट्ठी थोप्ला त्यस्को मुनि "श्री भवानी" बीचमा नेपाल राष्ट्र बैङ्कको चिन्ह वरि-परि "रजत-जयन्ती २०१३-२०३८" त्यस्को मुनि पाँच रूपैयाँ नेपाल । | श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव नामाङ्कित मोहर सरह २०३८ | ६ ग्राम (+– २½%) | २६ मि.मि. | तावा ७५% निकेल २५% (+२%) | गोलो साधा | बढीमा पाँच लाख सम्म |

तौलको घटीबढीः– ±२½ प्रतिशत दश चक्कीको सालाखालाको हिसाबले ।

आज्ञाले–
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।